**बैठक संख्या-१**

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिले मिति २०७६।०६।०६ मा माननीय खेमप्रसाद लोहनीको संयोजकत्वमा शिक्षा र स्वास्थ्य सम्बन्धी नीति तथा सो को कार्यान्वयनको अवस्था, राज्यको लगानी एवम् प्राप्त उपलब्धीका सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्न गठन गरेको उपसमितिको मिति २०७६।०६।०७ गते मंगलबार दिनको १२.०० बजे बसेको बैठकका निर्णयहरुः-

१. मिति २०७६।०६।३० गतेदेखि २०७६।०७।०६ गतेसम्म सुदूर पश्चिम प्रदेशको धनगढी, कैलाली र अछाम जिल्लामा अनुगमन गर्न अनुगमन भ्रमणको कार्यतालिका र सहभागीहरुको विवरण तयार गर्न सचिवालयलाई निर्देशन दिने ।

२. अनुगमन भ्रमणसँग सम्बन्धित शिक्षा र स्वास्थ्य विषयका सम्बन्धमा नेपालको संविधानमा उल्लिखित नीति तथा सोही विषयका सम्बन्धमा नेपाल सरकारले अख्तियार गरेको नीति, विनियोजन गरेको बजेट तथा उपलब्धीका सन्दर्भमा विषय विज्ञबाट यथासम्भव आवश्यक जानकारी लिनको लागि एक छलफल कार्यक्रमको आयोजना गर्ने ।

३. शिक्षा र स्वास्थ्य विषयसँग सम्बन्धित मन्त्रालयबाट शिक्षा र स्वास्थ्य विषयका सम्बन्धमा नेपाल सरकारले अख्तियार गरेको नीति सम्बन्धी पुस्तिका समितिको प्रयोजनको लागि आवश्यक संख्यामा माग गर्ने ।

**बैठक संख्या -२**

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिले मिति २०७६।०६।०६ मा माननीय खेमप्रसाद लोहनीको संयोजकत्वमा शिक्षा र स्वास्थ्य सम्बन्धी नीति तथा सो को कार्यान्वयनको अवस्था, राज्यको लगानी एवम् प्राप्त उपलब्धीका सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्न गठन गरेको उपसमितिको मिति २०७६।०९।१७ गते बिहीबार दिनको ३.०० बजे बसेको बैठकका निर्णयहरु:-

१. २०७६ सालको कार्तिक महिनाभित्र सुदूर पश्चिम प्रदेशको धनगढी, कैलाली र अछाम जिल्लामा अनुगमन गर्न अनुगमन भ्रमणको कार्यतालिका स्वीकृत भएकोमा विभिन्न कारणबश अनुगमनको कार्यक्रम सम्पन्न हुन नसकेको विषयमा छलफल भई पुनः कार्यतालिका संशोधन गरी पुष महिनाभित्रमा अनुगमन कार्यक्रम सम्पन्न गर्ने गरी आवश्यक कार्य गर्न सचिवालयलाई निर्देशन दिने ।

२. नेपाल सरकारले मिति २०७६।०७।१८ मा स्वीकृत गरेको शिक्षा नीतिका सम्बन्धमा समितिका सभापति माननीय नीरादेबी जैरु समेतको उपस्थितिमा छलफल गरियो ।

**बैठक संख्या -३**

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिले मिति २०७६।०६।०६ मा माननीय खेमप्रसाद लोहनीको संयोजकत्वमा शिक्षा र स्वास्थ्य सम्बन्धी नीति तथा सो को कार्यान्वयनको अवस्था, राज्यको लगानी एवम् प्राप्त उपलब्धीका सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्न गठन गरेको उपसमितिको मिति २०७६।०९।२२ गते मंगलबार दिनको ३.०० बजे बसेको बैठकले २०७६ साल पुष २४ गतेदेखि २७ गतेसम्म सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा "शिक्षा र स्वास्थ्य सम्बन्धी नीति तथा सोको कार्यान्वयनको अवस्था" अनुगमन गर्न सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्था यकीन गरी अनुगमन भ्रमणको कार्यतालिका तय गरियो ।

बैठक संख्या -४

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिले मिति २०७६।०६।०६ मा माननीय खेमप्रसाद लोहनीको संयोजकत्वमा शिक्षा र स्वास्थ्य सम्बन्धी नीति तथा सो को कार्यान्वयनको अवस्था, राज्यको लगानी एवम् प्राप्त उपलब्धीका सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्न गठन गरेको उपसमितिको मिति २०७६।१०।१९ गते आइतबार दिनको १२.०० बजे बसेको बैठकले सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा मिति २०७६।०९।२४ देखि २७ सम्म "शिक्षा र स्वास्थ्य सम्बन्धी नीति तथा सोको कार्यान्वयन अवस्था, राज्यको लगानी एवम् प्राप्त उपलब्धि" का सम्बन्धमा अनुगमन गरी तयार पारिएको प्रारम्भिक अनुगमन प्रतिवेदन माथी छलफल भयो ।उक्त प्रारम्भिक प्रतिवेदन अध्ययन गरी परिमार्जन आवश्यक देखिए परिमार्जन सहित अर्को बैठकमा अन्तिम रुप दिने निर्णय गरियो ।

बैठक संख्या -५

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिले मिति २०७६।०६।०६ मा माननीय खेमप्रसाद लोहनीको संयोजकत्वमा शिक्षा र स्वास्थ्य सम्बन्धी नीति तथा सो को कार्यान्वयनको अवस्था, राज्यको लगानी एवम् प्राप्त उपलब्धीका सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्न गठन गरेको उपसमितिको मिति २०७६।१२।०४ गते मंगलबार दिनको १.०० बजे बसेको बैठकले सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा मिति २०७६।०९।२४ देखि २७ सम्म "शिक्षा र स्वास्थ्य सम्बन्धी नीति तथा सोको कार्यान्वयन अवस्था, राज्यको लगानी एवम् प्राप्त उपलब्धि" का सम्बन्धमा अनुगमन गरी तयार पारिएको अनुगमन प्रतिवेदनलाई आवश्यक परिमार्जन सहित अन्तिम रुप दिइयो ।